# धनौजी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं. २०८०।०८१
च.नं. २८८१

मिति : २०८१।०२।२७

**विषयः मनसुन पूर्व तयारी सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै
धनौजी गाउँपालिका, धनुषा ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २८२ मिति २०८१।०२।२४ गतेको पत्रानुसार यस वर्षको मनसुनमा अत्याधिक वर्षा हुने प्रक्षेपण भएकोले मनसुनजन्य विपद् न्यूनीकरणका लागि यसैपत्र साथ संलग्न पत्रअनुसार मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यहरु कार्यन्वयन गर्नु गराउनुहुन निर्देशनानुसार अनुसार छ ।

तपसिल

१) सम्बन्धित वडामा पानी जम्ने भई बाटो अवरुद्ध डुबान हुने ठाउँ पहिचान गरी लेखी पठाउने ।
२) सोही अनुसार स्टोर शाखासँग समन्वय गरी सरफाइको कार्य अनिवार्य गर्नुगराउनु हुन ।
३) स्थानीय युवा, क्लब, संघसंस्थाहरुसँग समन्वय तथा सहकार्यको व्यवस्था मिलाउने ।
४) स्थानीय स्तरमा उपलब्ध श्रोत साधनको प्रयोग गरी मनसुन पूर्वतयारी सम्बन्धी कार्यहरु गर्नुगराउनु हुन ।
५) स्वास्थ्य संस्थाहरुलाई तयारी अवस्थामा रहन जानकारी गराउने ।

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय, धनुषा ।
श्री स्वास्थ्य शाखा, धनौजी गाउँपालिका, धनुषा ।
श्री स्वास्थ्य चौकीहरु सबै, धनौजी गाउँपालिका, धनुषा ।

नेपाल सरकार
## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

पत्र संख्या : ०८०/०८१
चलानी नं. २८२

इमेलः cdms.mofaga@gmail.com
सिंहदरबार, काठमाडौं।

विक्रम संवत्: २०८१/०२/२४, बिहीबार
नेपाल संवतः ११४४ वछलागा औंसी

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै)।
श्री गाउँपालिका (सबै)।

विषयः मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८१ कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत **मनुसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८१** को छायाँ प्रति यसैसाथ संलग्न छ। यस वर्षको मनसुनमा अत्याधिक वर्षा हुने प्रक्षेपण भएकोले मनसुनजन्य विपद् न्यूनीकरणका लागि उल्लिखित कार्ययोजनामा तँहा स्थानीय तहहरुको जिम्मेवारी भित्र पर्ने तपसिल बमोजिमका मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यहरु कार्यान्वयन गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ।

तपसिलः

क. आफ्नो स्थानीय तहको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने।

ख. मनसुनजन्य विपद्को दौरान आवश्यक पर्ने खोज तथा उद्धार र राहत सामग्रीको व्यवस्थापन गर्ने।

ग. ढुङ्गा, गिट्टी, बालुवा थुप्रिएर जोखिममा रहेका भौतिक संरचना(पुल, पुलेसा, सडक) को सुरक्षाका लागि तत्काल थुप्रिएका सामग्री नियमानुसार हटाउने व्यवस्था सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिसँगको समन्वयमा गर्ने।

घ. नेपाल सरकार, गृह मन्त्रालयद्वारा निर्दिष्ट गरिएको वडा तहमा रहनु पर्ने खोज तथा उद्धार सामग्री व्यवस्थापन गरिएको एकिन गर्ने।

ङ. स्थानीय तहमा मनसुन पूर्व सूचना प्रणालीको विकास गर्ने।

च. मनसुन विपद् प्रतिकार्यको निमित्त जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र आवश्यकता अनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग समन्वय गर्ने।

छ. मनसुनजन्य विपद् प्रतिकार्यको लागि तहाँ अन्तर्गत रहेका साधन स्रोत परिचालन गर्ने।

ज. आवश्यकता अनुसार मनसुन पूर्व तयारी तथा प्रतिकार्यको लागि स्थानीय तहमा रहेका सरकारी, गैर सरकारी, निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघ, संस्था र स्थानीय समुदायसँग सहकार्य र समन्वय गर्ने।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

पत्र संख्या : ०८०/०८१ इमेलः cdms.mofaga@gmail.com
चलानी नं. : २८२ सिंहदरबार, काठमाडौं।

झ. विपद्का कारण विस्थापितका लागि तुरुन्त खाद्यान्न, सरसफाइ र अस्थायी आवास तथा औषधोपचारको सहज व्यवस्थापन हुन सक्ने गरी आवश्यक प्रवन्ध गर्ने।

ञ. विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातहरुको एकिन तथ्याङ्क अद्यावधिक गरी राख्ने।

ट. प्रत्येक वडामा विपद् प्रतिकार्यका न्यूनतम सामग्रीको आवश्यक सेट तयार गरी उपलब्धताको सुनिश्चितता गर्ने।

ठ. मनसुन प्रणाली निष्क्रिय भएपछि यस वर्षका विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित भए गरेका कार्यहरुको समिक्षा, अनुकरणीय कार्य मूल्याङ्कन (Best Practice) र आवश्यक पृष्ठपोषण (Feedback) सहितको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गरी अभिलेख राख्ने।

ड. उल्लिखित कार्यहरु सम्पादन गर्दा तहाँ स्थानीय तहमा क्रियाशील विकास साझेदार संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने व्यवस्था मिलाउने।

ढ. मनसुन अवधिभर विपद् सम्पर्क व्यक्तिलाई विपद् सम्बन्धी कार्यहरुको मात्र जिम्मेवारी प्रदान गर्ने व्यवस्था मिलाउने।

..............................
(मोहन कुमार घिमिरे)
उपसचिव

**बोधार्थः**

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौं।